# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७८ | काठमाडौं | सोमबार, २५ असार २०८० | Prabhab National Daily | Monday, July 10, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




## ओलीले सहमति तोड्दा संसद् अनिश्चित

- तीन दलका शीर्ष नेताबीच प्रधानमन्त्री दाहालले आफ्ना अभिव्यक्तिबारे स्पष्टीकरण संसद्मा दिने सहमति
- नयाँ बानेश्वर आइपुगेपछि ओली सहमति मान्न अनिच्छुक
- दाहालले माफी माग्नुपर्ने र उनको सचिवालयको विज्ञप्ति फिर्ता गर्नुपर्ने ओलीको अडान
- दाहाल माफी माग्न र विज्ञप्ति फिर्ता लिन तयार भएनन्
- सहमति भंगपछि संसद् बैठक सूचना टाँसेर स्थगित

■ **प्रभाव संवादाता**

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको सहमति एक घण्टामै भंग भएपछि संसद् बैठक अनिश्चित बनेको छ । सहमति भंग गर्ने नेता भने एमाले अध्यक्ष केपी शर्मा ओली हुन् ।

सिंहदरबारमा आइतबार बिहान तीन नेताबीच भएको भेटवार्ताका क्रममा प्रधानमन्त्री दाहालले आफ्ना अभिव्यक्तिबारे संसद्मा स्पष्टीकरण दिने सहमति भएको थियो । त्यसपछि पालैपालो उनीहरूले हात मिलाएका थिए । जुन तस्बिरहरू सार्वजनिक भइसकेको छ । तर, सिंहदरबारमा सहमति गरेर संसद् भवन नयाँ बानेश्वर आइपुग्दा ओलीको बोली फेरियो ।

माओवादी संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेका अनुसार ओली सिंहदरबारमा भएको सहमति मान्न तयार भएनन् । 'तीन नेताबीच सिंहदरबारमा छलफल हुँदा प्रधानमन्त्रीले आफ्ना भनाइबारे संसद्मा स्पष्ट पार्ने र त्यसपछि संसद्को अवरोध हटाउने भन्ने सहमति भएको थियो,' उनले प्रभावसँग भने, 'त्यसपछि हामी संसद् भवन पुग्यौं । त्यसबेला पो फेरि नमिल्ने कुरा आयो भन्ने सुनियो । किन नमिल्ने हुनुभयो ? थाहा छैन ।'

प्रधानमन्त्री दाहालले यही १८ असारमा भारतीय यातायात व्यवसायी प्रितम सिंहको जीवनीमा आधारित पुस्तक विमोचनको क्रममा आफूलाई प्रधानमन्त्री बनाउन पटक-पटक सिंह दिल्ली पुगेको बताएका थिए । त्यसपछि प्रमुख विपक्षी दल एमालेका सांसदहरूले दाहालको यस्तो अभिव्यक्तिलाई लिएर राजीनामा मागे । राजीनामा (**बाँकी पृष्ठ २ मा**)

### ललिता निवास प्रकरण

# बहालवाला सचिव पक्राउ

- सञ्चार सचिव कृष्णबहादुर राउत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ
- ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पार्न टिप्पणी उठाएको तथ्य फेला
- राउतले बुबाको उपचारको निहुँ पारी देश छाड्न लागेको प्रहरीको आरोप
- गृहमन्त्रीको निर्देशनमा सचिव राउत पक्राउ परेसँगै यस प्रकरणमा पक्राउ पर्ने १२ जना पुग्यो




■ **जेबी योञ्जन**

**काठमाडौं-** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको ठाडो निर्देशनमा एक जना बहालवाला सचिव पक्राउ परेका छन् । ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पार्न टिप्पणी उठाउने काम गरेको आरोपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउत आइतबार पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यका अनुसार बुबाको उपचारका लागि भन्दै देश छाड्न लागेको सूचनाका आधारमा खटिएको टोलीले सचिव राउतलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो । उनीविरुद्ध प्रहरीले थप अनुसन्धान थालेको उनले बताइन् ।

'त्रिभुवन विमानस्थलमा पुगेको थाहा पाएपछि हाम्रो टोलीले पक्राउ गरेको हो । उहाँ विराटनगर हुँदै देश छाड्ने भन्ने जानकारी थियो,' एआइजी बज्राचार्यले प्रभावसँग भनिन् ।

राउतले देश छाड्न लागेको सूचना प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले थाहा पाएपछि गृहमन्त्री श्रेष्ठलाई जानकारी दिएको स्रोत बताउँछ । जस आधारमा श्रेष्ठले आवश्यक प्रमाण जुटाउन निर्देशन दिएका थिए । सिआइबीले ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पार्न भौतिक पूर्वाधार मन्त्रालयमा शाखा अधिकृत भएका बेला टिप्पणी उठाएको तथ्य फेला पारेको थियो । त्यसपछि जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी लिएर सिआइबी बसेको थियो । र, आइतबार सचिव राउत बुबाको (**बाँकी पृष्ठ २ मा**)

### गुरुङको बचाउमा निजी क्षेत्र

**काठमाडौं (प्रस)-** सरकारी लिखत कीर्ते गरेको कसूरमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङमाथि अनुसन्धान भइरहँदा निजी क्षेत्रका नेतृत्वदायी तीनवटा संस्थाले गुरुङको पक्राउप्रति विरोध जनाएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सले गुरुङलाई पक्राउ गरिँदा निजी क्षेत्र त्रसित भएको विज्ञप्तिमा उल्लेख गरेका छन् । गुरुङलाई अदालतले दोषी ठहर नगर्दै पक्राउ गरेको भन्दै आपत्तिसमेत जनाएका छन् । यसको असर देशको अर्थतन्त्रमा पर्ने उनीहरूको दाबी छ । 'यस्ता कार्य (गुरुङको पक्राउ)ले निजी क्षेत्रलाई कमजोर बनाउनेमात्रै नभई समग्र मुलुकको आर्थिक विकासमा नकारात्मक असर पर्न सक्नेतर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छौं,' तीन संस्थाको संयुक्त विज्ञप्तिमा भनिएको छ ।

हाल गुरुङविरुद्ध ललिता निवासको जग्गा सरकारबाट फिर्ता गराएर विभिन्न व्यक्तिको नाममा नामसारी गर्न सहयोग गर्दै सरकारी लिखत तथा कागजात कीर्ते गरेको आरोपमा अनुसन्धान भइरहेको छ । यदि, अदालतबाट गुरुङ दोषी ठहरिए मुलुकी अपराध संहिता २०७४ को दफा २७६ अनुसार सरकारी लिखत कीर्ते गर्नेलाई सात वर्षसम्म कैद र ५० हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

# रोजगारीका लागि जेठ महिनामा विदेसिए ६० हजार नेपाली श्रमिक




■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगारीमा जानका लागि चालु आर्थिक वर्षको ११औं महिना अर्थात् जेठमा झण्डै ६० हजार नेपालीले श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार जेठ महिनामा ५९ हजार ४२२ जना नेपालीले नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिएका हुन् । यससँगै चालु आर्थिक वर्षको ११ महिनामा विदेशिने कामदारको संख्या सात लाख ४७ हजार ९२२ पुगेको छ ।

जेठमा विदेशिने नेपालीहरूको संख्या गत वैशाख महिनाको भन्दा चार हजार ९६५ ले बढेको छ । वैशाखमा यस्तो संख्या ५४ हजार ४५७ थियो । त्यसअघि चैतमा ६१ हजार ४७८ जना र फागुन महिनामा ६१ हजार ८४५ जनाले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाएको छ ।

चालु आवको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया जाने नेपाली कामदारको संख्या केही महिनादेखि क्रमशः घट्दै गएको देखिएको छ । जेठमा १४ हजार २०४ जनाले श्रम स्वीकृति लिएका छन् । यो संख्या वैशाख महिनाको भन्दा ४३० ले न्यून हो । वैशाखमा १४ हजार ६३४ जनाले मलेसिया गएका थिए । गत चैतमा १६ हजार २५६ जनाले श्रम स्वीकृति लिएका थिए । तुलनात्मक रूपमा २०७९ मंसिरदेखि मलेसिया जाने नेपालीको संख्या घट्नेक्रम जारी छ । यद्यपि विभागले सार्वजनिक गरेको तथ्यांकको आधारमा मलेसिया अझै पनि नेपालीहरूको पहिलो गन्तव्य नै रहेको छ ।

यसैगरी जेठ महिनामा रोजगारीका लागि कतार जान १० हजार ८७७ जनाले श्रम स्वीकृति लिएका छन् । विभागको तथ्यांकअनुसार गत वैशाखमा १० हजार २३०, चैतमा ११ हजार २४९, फागुनमा ११ हजार ३०३ जना श्रम स्वीकृति लिएर कतार गएका थिए । यस्तै संयुक्त अरब इमिरेट्स (युएई)मा १० हजार ६२६, साउदी अरेबियामा १० हजार ३५२ र कुवेतमा दुई हजार ७५९ जनाले जेठ महिनामा श्रम स्वीकृति लिएको विभागले जनाएको छ । वैशाख महिनाको तुलनामा युएई, साउदी र कुवेत जाने नेपालीको संख्या बृद्धि भएको छ । उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (८० प्रतिशत) ओगटेको देखिन्छ ।

यसैगरी रोमानियामा एक हजार ९६, जापानमा एक हजार ८९, माल्दिभ्समा ६३०, क्रोएसियामा ६०५, साइप्रसमा ५७३, बहराइनमा ५८१, पोल्याण्ड ४८८, ओमानमा ३१०, माल्टामा २६७ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या दुई हजार ९६४ रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने २१ हजार २८६ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३८ हजार १३६ जना रहेका छन् । जेठमा श्रम स्वीकृति लिनेमध्ये छ हजार १११ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार जिल्लागतरूपमा धनुषाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । धनुषाबाट दुई हजार ९८७ जना विदेशिएका छन् । दोस्रो स्थानमा रहेको झापाबाट दुई हजार ८४२ जना विदेश गएका छन् । यस्तै तेस्रो स्थानमा सिरहा परेको छ । यहँबाट दुई हजार ५६३ बाहिरिएका छन् । चौथोमा रहेको मोरङबाट दुई हजार ४४३ र पाँचौंमा रहेको महोत्तरीबाट दुई हजार ११५ जना रहेका छन् ।

त्यसैगरी दाङ, चितवन, बारा बागलुङ, मकवानपुर, रूपन्देही, रौतहट, सर्लाही, सप्तरी, सुनसरी, स्याङ्जा, कपिलवस्तु र तनहुँबाट पनि विदेश जानेको संख्या ठूलो रहेको छ ।



उपप्रधानमन्त्री श्रेष्ठको प्रतिबद्धता

# मिटरब्याजपीडितलाई न्याय दिलाइ छाड्छौं

■ प्रभाव संवादादता



**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याजबाट पीडितलाई सरकारले न्याय दिलाएरै छाड्ने बताएका छन् । नयाँ बानेश्वरमा आइतबार मिटरब्याजबाट पीडितहरूको धर्नास्थल पुगेर सम्बोधन गर्दै उनले पीडितलाई न्याय दिलाउने विश्वास दिलाए । 'तपाईंहरूलाई म आश्वास्त बनाउन चाहन्छु कि मिटरब्याजबाट पीडितलाई न्याय प्रदान गरी छाड्छौं,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'मिटरब्याजबाट पीडितलाई न्याय दिलाउने काम कुनै पनि हालतमा रोकिने छैन ।'

उनले पीडकहरूको विरुद्ध पीडितलाई न्याय दिनका निम्ति सरकारले मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको र अध्यादेशको निश्चित अवधि भएको हुनाले कानुन बनाउनका लागि संसद्मा प्रस्तुत भएको तर पारित हुन नसकेको भन्दै विधेयक चाँडै अगाडि बढाउने विश्वास व्यक्त गरे । 'विधेयक संसद्मा छ, अस्वीकार भएको हैन । विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाइनेछ, कानुन बनाइनेछ,' उनले भने, 'तपाईंहरूको न्याय प्राप्तिको आन्दोलनलाई कुनै पनि हालतमा पूरा नगरिकन छोडिनै छैन, ढुक्क हुनुहोस् ।'

उपप्रधानमन्त्री श्रेष्ठले अध्यादेश जारी गर्नुभन्दा अगाडि नै सरकारले मिटरब्याजीपीडितको माग सम्बोधन गर्न मिटब्याजसम्बन्धी छानबिन गर्न आयोग गठन गरेको स्मरण गर्दै आयोगको काम नरोकिने बताए । उनले हरेक जिल्ला प्रशासन कार्यालयमा सरकारी वकिलहरू र पीडितका प्रतिनिधिहरू संलग्न रहेको सहजीकरण समितिले अहिले पनि कार्य जारी रहेको जानकारी दिए ।

'विधेयक प्रस्तुत भएको छ, त्यसले अध्यादेश अन्त्य हुने दिनमा नै कानुनको रूप लिएको भए राम्रो हुन्थ्यो भन्ने हाम्रो भनाइ हो । तर, त्यसो नभए पनि हामीले कानुन बनाउने प्रक्रियालाई जारी राख्नेछौं र संसद्ले कानुन बनाउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं, तपाईंहरू पनि विश्वस्त हुनुहोस्,' उपप्रधानमन्त्री श्रेष्ठले भने ।

उनका अनुसार आयोगमा करिब २५ हजार उजुरी परेका छन् । ती उजुरीमाथि छानबिनको प्रक्रिया अघि बढेको छ । अहिले करिब एक हजार ५०० उजुरीमाथि छानबिन भएर पीडितको पक्षमा फैसला भइसकेको छ । कतिपय मिटर ब्याजीले कब्जा गरेको घर, जमिन पीडितलाई फिर्ता गरिसकेका छन् । यो उपलब्धिलाई अब नेपालको कुनै पनि तागतले रोक्न नसक्ने भन्दै उपप्रधानमन्त्री श्रेष्ठले पीडितलाई न्याय दिलाएरै छाडिने दोहोर्‍याए । मिटरब्याजी सामन्ती शोषणको निकृष्ट अवसेस भएको बताउँदै उनले यसलाई जरैदेखि निमिटचान्न पार्न सरकार प्रयासरत रहेको उल्लेख गरे ।

# टोखामा ४३४ सडकबत्ती जडान

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाले मेयर उज्यालो कार्यक्रमअन्तर्गत ४३४ सडक बत्ती जडान गरेको छ । आर्थिक वर्ष २०७९/८० मा उक्त कार्यक्रमअन्तर्गत टोखाभित्रका विभिन्न सडकमा ४३४ सडकबत्ती र १३० सिसी क्यामरा जडान गरेको नगरपालिकाका उपप्रमुख मुरारी तामाङले जानकारी दिए ।

टोखाले आव २०७९/८० मा वडा नं २ र ६ को वडा कार्यालय भवन निर्माण गर्नुका साथै नगरपालिकाको प्रशासकीय भवन निर्माणसमेत सम्पन्न गरेको छ । सार्वजनिक भवन, ताल, पोखरी संरक्षण, ऐतिहासिक सम्पदाको पुनःनिर्माण, नदी नियन्त्रण, खानेपानी डिप बोरिङ एवं पाइपलाइन विस्तारलाई प्राथमिकता दिएको टोखाले चालु आवमा १२.१५ किलोमिटर पक्की सडक निर्माण गरिसकेको छ । यस्तै, ब्लक विच्छ्याउने काम ३.२९ वर्ग किलोमिटर, पुल कल्भर्ट १२ वटा, ढल बिच्छ्याउने तथा मर्मत कार्य ५.११ किलोमिटर, खानेपानी पाइपलाइन बिच्छ्याउने तथा मर्मत १३२ स्थानमा गरिएको सो नगरपालिकाले जनाएको छ । उपप्रमुख तामाङले टोखाले खेलकुद क्षेत्रको विकासका लागि अन्तरविद्यालयस्तरीय विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न गर्नुका साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरिसकेको बताए । दीर्घरोगविरुद्धको अभियानमा मेयर कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षण, ६० वर्षभन्दा माथिका दुई हजार १०० भन्दा बढी व्यक्तिको स्वास्थ्यपरीक्षण गरिएको सो नगरपालिकाले जनाएको छ । टोखाले नगरवासी बिरामीलाई निःशुल्क रगतको व्यवस्थासमेत गरेको छ ।

## ओलीले...

पृष्ठ १ बाट जारी

नआइञ्जेलसम्म संसद् चल्न नदिने अडान लिए । एमालेको अवरोधले संसद् बैठक अनिश्चित बनेको छ ।

एमाले सांसदहरूले राष्ट्रिय सभासमेत चल्न दिएका छैनन् । हरेकपटक अवरोध गर्दै आएका छन्, जुन क्रम आइतबार पनि जारी रह्यो ।

प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पनि प्रमुख विपक्षी एमालेसँग देखिएको विवाद सल्टाउनेबारे प्रधानमन्त्रीले सहमति नगर्दासम्म संसद् बैठक नचल्ने बताइसकेका छन् । यसरी एमालेदेखि सभामुखसम्मै यथास्थितिमा संसद् चल्न नदिने र नचलाउने पक्षमा उभिँदा प्रधानमन्त्री दाहाल थप दबाबमा परे ।

यसपछि शनिबार साँझ नै प्रधानमन्त्री दाहालले विपक्षी दलका नेता ओली र सत्तारुढ मुख्य दल कांग्रेस सभापति देउवासँग संवाद गर्न तयार रहेको बताएका थिए । नभन्दै आइतबार बिहानै सिंहदरबारमा तीन नेताबीच छलफल भयो । छलफलका क्रममा प्रधानमन्त्री दाहाल आफ्ना अभिव्यक्तिबारे संसद्मा स्पष्टीकरण दिन सहमत भए । ओली र देउवा पनि सहमत भएका थिए ।

यसपछि संसद् बैठक बस्ने सम्भावित कार्यसूची संसद् सचिवालयले प्रकाशन गरेको थियो । संसद् भवनमा सांसदहरू पुगेका पनि थिए । तर, नेताहरूबीच भएको सहमति ओलीले नयाँ बानेश्वर आइपुग्दा नमान्ने भन्दै तोडेसँगै संसद् सचिवालयले संसद् बैठक आइतबार दिउँसो ३ बजेका लागि सारिएको सूचना जारी गर्‍यो । बैठक भने बसेन ।

एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले सञ्चारकर्मीलाई प्रधानमन्त्री दाहालका कारण बैठक नबसेको दाबी गरे । 'प्रधानमन्त्रीले आफ्नो कमीकमजोरीको आत्मलोचना गर्ने र दलहरूलाई विश्वास दिलाउने सहमति नेताहरूबीच भएको थियो तर, उहाँ (प्रधानमन्त्री)ले जवाफको तयारीका लागि भन्दै समय माग्नुभयो । यसपछि बैठक सरेको हो ।'

स्रोतका अनुसार भने ओलीले प्रधानमन्त्री दाहाललाई संसद्मा स्पष्टीकरणसँगै आफ्ना अभिव्यक्तिबारे माफी पनि माग्नुपर्ने र्त नयाँबानेश्वर आइसकेपछि राखेका थिए । प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले यही २१ फागुनमा जारी गरेको विज्ञप्ति फिर्ता लिनुपर्ने अर्को अडान पनि ओलीले राखेको बताए । यसबारे प्रधानमन्त्री सकारात्मक भएनन् । जसले गर्दा संसद् अवरोध कायमै रहन पुग्यो ।

आइतबार भने राष्ट्रिय सभामा उत्पत्ति भएको 'नेपाल विश्वविद्यालय विधेयक'लाई राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहित संसद्मा टेबुल गर्ने कार्यसूची थियो । केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक-२०८० माथि सांसदहरू ज्ञानबहादुर शाही, प्रेम सुवाल, सोविता गौतम र सुमना श्रेष्ठले दर्ज गरेको विरोधका सूचनाहरूलाई निर्णयार्थ प्रस्तुत गर्ने अर्को कार्यसूची थियो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले राष्ट्रिय सभामै उत्पत्ति भएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव पनि पेस गर्ने कार्यसूचीसमेत थियो । तर, ओलीले सिंहदरबारमा भएको सहमति नमान्ने भनेपछि संसद् बैठक बस्नै सकेन ।

# उपत्यकामा लामुखट्टे नष्ट गर्ने अभियान

**काठमाडौं (प्रस)–** उपत्यकाका स्थानीय तहले 'लामुखट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्ने भएका छन् । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले डेंगुको संक्रमण रोकथाम र नियन्त्रणका लागि स्थानीय तहका प्रमुख र उपप्रमुख तथा स्वास्थ्य विभागका प्रमुखसँग गरेको छलफलमा चार महिनासम्म उक्त अभियान सञ्चालन गरिने महाशाखाका किटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा. गोकर्ण दाहालले जानकारी दिए ।

'अबको चार महिना डेंगु संक्रमण बढ्ने निकै नै जोखिम हुन्छ,' उनले भने, 'स्थानीय तहले चार महिना लामुखट्टेको बासस्थान खोज र नष्ट गर अभियान सञ्चालन गर्नेछन् ।'

स्थानीय तहले प्रत्येक हप्ता टोल-टोलमा गएर पानी जम्ने सम्भावना भएको ठाउँ खोजी गरी नष्ट गर्नेछन् । महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले महाशाखाबाट उपत्यकाका सबै स्थानीय तहलाई रोकथाम र नियन्त्रण गर्न आग्रह गर्दै यसका लागि आवश्यक सहयोग उपलब्धसमेत गरइने जानकारी दिए । बूढानीलकण्ठ नगरपालिकका प्रमुख मिठाराम अधिकारीले लामखुट्टे खोज्न र नष्ट गर अभियान चाँडै नै सञ्चालन गरिने बताए । उनले पालिकाभित्रका गाउँ टोलमा पनि डेंगु नियन्त्रण तथा रोकथामका लागि सचेतना अभियानसमेत सञ्चालन गरिने उल्लेख गरे । पानी परेसँगै जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्ने भएकोले डेंगुको जोखिमसमेत बढ्दै आएको छ । महाशाखाका अनुसार काठमाडौंमा ४६ ललितपुरमा १२ भक्तपुरमा ३५ जना डेंगुका बिरामी भेटिएका छन् । सन् २०२३ यता अहिलेसम्म एक हजार २४ मानिस डेंगुका कारणले बिरामी हुनाका साथै सुनसरीमा एक जनाको ज्यान गएको छ ।

पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगु रोग लाग्दछ । डेंगुले गर्दा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्नेजस्ता लक्षण देखापर्दछ । लामखुट्टेबाट बच्न सधैं झुल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन र घरको झ्याल तथा ढोकामा जाली हाल्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ । सन् २०२२ मा ५४ हजार छ सय ३० जनामा डेंगु देखिएको र यसबाट ८८ जनाको ज्यान गइसकेको छ । नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो

## बहालवाला...

पृष्ठ १ बाट जारी

उपचारका लागि भन्दै देश छाड्न लाग्दा त्रिभुवन विमानस्थलबाट पक्राउ परे ।

सिआइबीका एक अधिकारीले भौतिक मन्त्रालयले १७ असार २०६७ मा रायका लागि पेस गरेको निर्णयको मिसिलमा राउतको हस्ताक्षर रहेको बताए । सोही मिसिलका आधारमा मन्त्रिपरिषद्ले २९ चैत २०६६ मा समरजंग कम्पनीको नाममा रहेको २७ रोपनी सात आना जग्गा प्रधानमन्त्री निवास मातहत ल्याउने निर्णय गरेको थियो । जहाँ प्रधानमन्त्रीको निवास विस्तार गर्ने भनिएको थियो ।

मन्त्रिपरिषद्को सोही बैठकले ललिता निवासको जग्गा ल्याउँदा मोहीलाई भने बाहिरको सरकारी जग्गा सट्टाभर्ना गर्ने अर्को निर्णय गरेको थियो । यसबारेको प्रस्ताव तयार गर्ने उनै राउत रहेको सिआइबीको निष्कर्ष छ ।

उसो त यसअघि नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको बयानमा उनले भौतिक योजना तथा निर्माण मन्त्रालय र भूमिसुधार मन्त्रालयमा पहिले पेस भएको प्रस्तावका आधारमा मन्त्रिपरिषद्बाट भएका निर्णयको कार्यान्वयनको सिलसिलामा मन्त्रिपरिषद्का निर्णयहरूमा रहेका अनुसूचीका विवरण संशोधनका लागि पुनः मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा टिप्पणी पेस गरेको भनेका छन् । तर, अन्य कानुनी प्रावधान र निकायको निर्णय प्रक्रियामा रहने भूमिकाका विषयमा जानकारी नभएको बताएका थिए ।

ललिता निवास प्रकरणको अनुसन्धानमा संलग्न एक जना अधिकृत जापानमा अध्ययन सकेर नेपाल फर्किएलगत्तै राउतले टिप्पणी तयार गरेर फाइल अघि बढाएका थिए । यसअघि उनलाई अख्तियारले भने मुद्दा नचलाउने निर्णय गरेको थियो । २२ माघ २०७६ मा ललितानिवास जग्गा हिनामिना प्रकरणमा संलग्न १७६ जनाविरुद्ध विशेष अदालतमा अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

त्यसबेला आयोगले भ्रष्टाचारजन्य गैरकानुनी कार्यमा राउतको प्रत्यक्ष संलग्नता पुष्टि नभएको जनाएको थियो । उनीबाहेक पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईलगायत विरुद्ध पनि मुद्दा नचलाउने निर्णयमा आयोग पुगेको थियो । तर, साढे तीन वर्षपछि भने सिआइबीले राउतलाई जग्गा हिनामिना गर्ने गिरोहलाई सहयोग हुनेगरी भौतिक योजना तथा निर्माण मन्त्रालयमा हुँदा टिप्पणी उठाएको आधारमा पक्राउ गरेको हो ।

सिआइबीले आइतबार नै समरजंग कम्पनीका पूर्वप्रमुख लोकहरि घिमिरे र नापी सर्वेक्षक ध्रुव अर्याललाई पनि पक्राउ गरेको छ । यसअघि यही प्रकरणमा सिआइबीले अन्य नौ जनालाई पक्राउ गरिसकेको छ । भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, निर्वाचन आयोगका पूर्वआयुक्त सुधीरकुमार शाह र मालपोत कार्यालय डिल्लीबजारका पूर्वप्रमुख धर्मप्रसाद गौतमलाई पक्राउ गरिसकेको हो । तत्कालीन खरिदार गोपाल कार्की पनि पक्राउ परेका छन् । उनीहरू सबै प्रहरी हिरासतमा छन् ।

तर, यस प्रकरणमा संलग्न देखिएका कलाधर देउजा, सुरेन्द्रमान कपाली र भूपेन्द्रमणि केसी पक्राउ परे पनि हाल रिहा भइसकेका छन् । कारण, सर्वोच्च अदालतबाट उनीहरूले निषेधाज्ञाको आदेश पहिले नै लिइसकेका थिए ।


## अधिकतम खुद्रा मूल्य MRP प्रकाशनको सूचना

Date: 2080/03/24

यस फर्म कम्पनिले (china) बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुहरूको विवरण | आकार / प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मूलक / राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा मूल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air conditioner unit | | Sakura | SKR-12HCI | 1 ton | china | 100 set | Nrs. 54,109.58 | | |
| 2. | Air conditioner unit (Indoor Unit) | | Sakura | SKR-12HCOI | 1 ton | China | 100 set | Nrs. 60,441.19 | | |
| 3. | Air conditioner unit (Indoor Unit) | | Sakura | SKR-18HCI | 1.5 ton | China | 66 set | Nrs. 61,464.19 | | |
| 4. | Air conditioner unit (Indoor Unit) | | Sakura | SKR-18HCOI | 1.5ton | China | 66 set | Nrs. 74,483.38 | | |

**बिक्रेता फर्मको नाम : Airo Tech pvt.ltd** एक्जीम कोड नं : 6043088360149NP

**ठेगाना :** Sundar Basti, Bhangal, Budhanilkantha, Kathmandu फोन नं : **9851071941**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार २५ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार २५ गते, २०८०, १० जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# कोशीमा तीन मन्त्रीको शपथ



**मोरङ (प्रस)-** कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङले आइतबार तीन मन्त्रीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

प्रदेश प्रमुख खापुङले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा मन्त्रीहरू जीवन आचार्य, राजेन्द्र कार्की र रामकुमार खत्रीलाई शपथ गराएका हुन् । मन्त्री आचार्यलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिइएको छ । कार्की र खत्रीको जिम्मेवारी भने पछि तोकिने जनाइएको छ ।

यसअघि गत शुक्रबार मन्त्री बनेका कमलप्रसाद जबेगु र प्रदीपकुमारको जिम्मेवारी पनि पछि तोकिने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

# लुटपाटमा संलग्न पाँच जना पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं-** काठमाडौंका विभिन्न स्थानमा महिलाको घाँटीमा लगाइएको सुनका सिक्री लुटपाट गर्ने कार्यमा संलग्न गिरोहका पाँच जनालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले पक्राउ गरेको छ ।

आइतबार पत्रकार सम्मेलन गरी पक्राउ गरिएका पाँच जनलाई सार्वजनिक गरिएको हो । पक्राउ पर्नेमा रामेछाप लिखु गाउँपालिका-१ का ३२ वर्षीय रवीन दमाई, सुनसरी धरान उपमहानगरपालिका-८ का १८ वर्षीय रवि विश्वकर्मा, काभ्रे पाँचखाल नगरपालिका-७ का उमेश क्षेत्री, धनकुटा लेगुवा गाउँपालिका-७ बस्ने ३० वर्षीय राहुल माझी र भारत पश्चिम बंगाल, पश्चिम मेदनीपुर जिल्ला दासपुर थाना जयरामचोक बस्ने ४२ वर्षीय श्रीकान्त माइती रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा. मनोजकुमार केसीले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकाहरूले काठमाडौंका विभिन्न स्थलमा 'मर्निङ वाक' हिँडेका महिलालाई लक्षित गरेर शृंखलाबद्धरूपमा महिलाले गलामा लगाएका सुनका सिक्री लुटपाट गर्ने गरेका थिए । रवीन दमाई मर्निङ वाकमा हिँडेका महिलाले गलामा लगाएको सुनका सिक्री लुट्ने र विश्वकर्मा मोटरसाइकल चलाउने कार्यमा संलग्न रहेको प्रहरीले जनाएको छ ।

यसैगरी भारतीय नागरिक माइतीले लुटपाट गरेको सुन खरिद गरेका थिए भने अन्य दुई जना पनि सुन पगाल्नेदेखि अन्य भूमिकामा रहेको खुलेको प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा. केसीले बताए । उनले भने, 'पक्राउ परेकाहरूले न्युरोडको जनसेवा मार्ग, चक्रपथको बंगलामुखी मन्दिर, सामाखुसीको कपुरधारा, टोखाको ग्राण्डी नजिकै र नागार्जुनको बुद्ध चोकबाट महिलाको सिक्री लुटेको खुलेको छ, टोखाकै विष्णुमती पुल नजिकबाट पनि सिक्री लुटपाट भएको थियो ।'

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको जनाएको छ । दमाई र विश्वकर्मा दुई जना मिलेर पहिला रेकी गर्ने र योजनाबद्धरूपमा बाइक प्रयोग गरेर महिलालाई लक्षित गरी लुट्ने गरेको प्रहरीको दाबी छ ।

उनीहरूले राजधानीका विभिन्न आठ स्थानमा यसरी लुटपाट गरेको खुलेको र सबै लुटपाट बिहान ५ देखि ६ बजेसम्ममा भएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक डा. केसीले जानकारी दिए ।

पक्राउ परेकाहरूको साथबाट सुनको ढिक्का एक थान, तौल गर्दा करिब एक तोलाको सिक्री र लुटपाट गर्दा प्रयोग भएका मोटरसाइकल दुई थान, मोबाइल छ थान तथा सुनको हार ४७ ग्राम बरामद गरिएको प्रहरीले जनाएको छ

# पहाडै चर्किएपछि ३०० परिवार जोखिममा

**पर्वत-** जलजला गाउँपालिका वडा नं ५ लेखफाँटको सिंगो गाउँ पहिरोको जोखिममा परेको छ । बस्तीभन्दा माथि रहेको लोप्रेको सिंगो डाँडै चर्किएर लेदो बग्न थालेपछि गाउँ जोखिममा परेको हो ।

निरन्तरको वर्षासँगै पहाडबाट झरेको कमेरो माटो, ढुंगासहितको लेदोले खेतबारीसमेत पुरिन थालेको छ । वडा नं ५ लेखफाँटका साविकका दुई वडामा रहेका ३०० भन्दा बढी परिवार विस्थापित हुने अवस्थामा पुगेको गाउँपालिकाका अध्यक्ष राजु आचार्यले जानकारी दिए ।

उनका अनुसार पहाडको सबै भाग चर्किएकाले जोखिम न्यूनीकरणका लागि तत्काल कुनै कदम चाल्नुपर्ने बताए । डाँडामुनि रहेका मूलघडेरी, गैरीगाउँ, पूर्णगाउँ र माझफाँटसम्म जोखिम रहेको उनले बताए । पर्वतको वारी बेनीसमेत उक्त पहिरोको जोखिममा पर्ने देखिएको छ ।

वर्षायाम सुरु भएसँगै खेतबारीमा रोपेको धान, कोदो पहाडबाट झरेको लेदोले पुरिन थालेपछि गाउँलेहरूले स्थानीय सरकारलाई गुहारेका छन् । गाउँपालिकाका जनप्रतिनिधिसहित जिल्ला विपद व्यवस्थापन समितिको टोलीले जोखिमपूर्ण स्थलको अवलोकन गरेको छ ।

स्थानीय पदम कार्कीले पहाड नै चर्किएपछि बस्ती नै स्थानान्तरण गर्नुपर्ने अवस्था आएको बताए । 'लगाएको खेतीबालीसमेत पूरै पुरिएको छ, कमेरे माटोमा खेती नहुने भएकाले हिउँदमासमेत खेतीबाली लगाउन नमिल्ने भइसक्यो, हामी निकै समस्यामा परेका छौं, बस्ती छाड्ने कि संरक्षण गर्ने भन्ने अन्योल रहेको छ,' उनले भने ।

गाउँपालिकाले भने बस्तीमा ढुंगामाटो आउन नदिनका लागि तत्कालका लागि ड्याम बनाएर व्यस्थापन गर्ने योजना बनाएको छ । यो योजना दीर्घकालीन नहुने स्थानीयको भनाइ छ । पहाड खस्नबाट जोगाउनुभन्दा पनि मानव बस्तीलाई जोगाउनतर्फ लाग्नुपर्ने स्थानीयले अनुरोध गरेका छन् । भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख दिवाकर पौडेलले उक्त क्षेत्रको अवस्था भयावह रहेको बताए । प्राकृतिक प्रकोपलाई कसैले रोकेर रोक्न नसकिने जनाउँदै उनले कुनै पनि बेला ठूलो दुर्घटना निम्तिने अवस्था रहेको बताए । *रासस*


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| No. | Item | DESCRIPTION OF GOODS | Country of origin | Unit | MRP in NPR |
|---|---|---|---|---|---|
| 1 | Monitor | Koorui 34E6UC WQHD 34 165Hz, Monitor | China | PCS | 62,500.00 |
| 2 | Monitor | Koorui 27E6QC QHD 27 170Hz, Monitor | China | PCS | 42,000.00 |
| 3 | Monitor | Koorui IPS 24E3 23.8 165Hz, Monitor | China | PCS | 28,000.00 |

Importer: **IBASE TECHNOLOGIES**
Address : Computer Bazar, Putalisadak, Kathmandu
Phone : 01-4421983
Vat no: 600752518



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL IMAPCT CLEANING SERVICES CO. LLC.

पूर्व स्वीकृति मिति २०८०/०१/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 284795 चलानी नं. ६०२००१६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 10 | 2 | 900 | ३२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**

### त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.

श्रम ईजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन ५४५६०२०/५४५६०१९

सम्पर्क नं : ९८०१२५०५५५, ९८०११०५५७७



## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 275436 चलानी नं. ६०१९१०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 97 | 0 | 1000 | ३५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : APOGEE ENGINEERING & TECHNICAL SERVICES CO.WLL

पूर्व स्वीकृति मिति: २०८०/०२/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 286856 चलानी नं. ६०२०२३५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३६,१२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 3 | 0 | 1800 | ६५,०१० | | | | | | | |

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति: २०८०/०३/२२ LT. No.288972 चलानी नं. ६०२०४३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 4 | 0 | 3000 | १०८,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,१२० | | | | | | | |
| 3 | Salesman | 0 | 2 | 1300 | ४६,९५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

### Target Consultant Human Resources Pvt. Ltd.

TARGET

श्रम ईजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पूर्व स्वीकृति मिति : २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

कम्पनी : AL JAHRA COPTHORNE HOTEL & RESORT

पूर्व स्वीकृति मिति :२०७८/११/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 257621 चलानी नं.६०१६३८७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 3 | 2 | 200 | ८४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bell Boy | 3 | 2 | 110 | ४६,६८० | | | | | | | |
| 3 | Commis (Butchery) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 4 | Commis (Cold Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 5 | Commis (Hot Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 6 | Commis (Pastry Kitchen) | 3 | 2 | 120 | ५०,९२५ | | | | | | | |
| 7 | Driver Heavy | 2 | 0 | 180 | ७६,३८५ | | | | | | | |
| 8 | Driver Light | 2 | 0 | 150 | ६१,६८५ | | | | | | | |
| 9 | F&b Executive | 1 | 1 | 180 | ७६,३८५ | | | | | | | |
| 10 | Hk Attendant | 10 | 10 | 120 | ५०,९२५ | | | | | | | |
| 11 | Hvac Technician | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 12 | Kitchen Equipment Technician | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 13 | Laundry Attendant | 5 | 5 | 100 | ४२,४३५ | | | | | | | |
| 14 | Laundry Equipment Specialist | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 15 | Life Guard | 2 | 0 | 130 | ५५,१६५ | | | | | | | |
| 16 | Pastry / Bakery | 1 | 0 | 150 | ६१,६८५ | | | | | | | |
| 17 | Plumber | 2 | 0 | 200 | ८४,८७० | | | | | | | |
| 18 | Steward | 10 | 0 | 100 | ४२,४३५ | | | | | | | |
| 19 | Waiter/waitress | 10 | 10 | 120 | ५०,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

### Supreme Overseas Pvt. Ltd.

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.

Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202

Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,

Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YEW CHYE SENG PLANTION SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No.:280844 चलानी नं. ६०१९६४३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation | 15 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

### Jasmine Overseas Pvt. Ltd.

श्रम ईजाजत नं.८७४/०६६/०६७

Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TIGER COOKIES COFFEE SHOP

पूर्व स्वीकृति मिति : २०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 274531 चलानी नं.६०१९०१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 1 | 0 | 1500 | ४५,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 3 | 0 | 1300 | ४७,३४५ | | | | | | | |
| 3 | Confectioner | 1 | 0 | 1300 | ४७,३४५ | | | | | | | |
| 4 | Cooker | 1 | 0 | 1500 | ४५,६२५ | | | | | | | |

कम्पनी : SPARKLING CLEAN GENERAL CLEANING

पूर्व स्वीकृति मिति २०८०/०१/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 284783 चलानी नं. ६०२००१४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell man | 0 | 1 | 1000 | ३५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

### White Horse International Pvt. Ltd.

Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : REMBIA NURSERY

पूर्व स्वीकृति मिति २०८०/०२/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 287161 चलानी नं. ६०२०२५६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production, Harvesting & Post Harvesting | 10 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MUDA PACKAGING INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 279084 चलानी नं. ६०१९४८११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

### SUN RAY GLOBAL OVERSEAS PVT. LTD.

918/067/68

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202

Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOPS EQUIPMENT DESIGNER(M) SDN BHD शहर : Penang पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०८/२५ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०७/०९ LT. No. 270238 चलानी नं . ६०१८६१४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SAI RAINBOW GARMENTS SDN. BHD. शहर: Malaysia पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२३/०३/१७ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०७/०९ LT. No. 282692 चलानी नं . ६०१९८२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि: शुल्क/-

'मिस स्टार युनिभर्स २०२३' शिर्ष विजेता बन्दा निकै खुसी लागेको र देशलाई अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन आफु सफल भएको महर्जनले बताइन् ।

'उपाधि जित्ने लक्ष्यसहित म सहभागी भएको थिए । तयारी पनि त्यस्तै थियो', उनले भनिन् 'अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै गर्दा नभर्स पनि थिए । अन्तत सफलता प्राप्त भयो ।'

'इन्डो इन्टरनेशनल फेसन कार्निभल एण्ड अवार्ड २०२३' अन्तर्गत आयोजित 'मिस स्टार युनिभर्स २०२३'मा उनलाई ग्रिनआर्ट मिडियाले 'मिस स्टार युनिभर्स नेपाल २०२३' ताज सहित पठाएको थियो । कार्यक्रममा 'मिसेस स्टार युनिभर्स २०२३' तर्फ नेपाली जोया बुढाथोकी सहभागी थिइन् । उनले भने प्रतियोगीतामा 'मिसेन ब्युटिफुल बडी'को उपाधि हात पारिन् । कार्यक्रममा अवार्ड तर्फ सहभागी फेसन मेकअप आर्टिस रश्मि श्रेष्ठ र व्यवसायी परिन्दा श्रेष्ठ 'परी'ले आआफ्नो बिधामा अवार्ड हात पारे ।

होटल ब्रिस्टल दुआबिमा आयोजित कार्यक्रममा डा. बु .अब्दुला, बलिउड सेलिब्रेटी आफताब शिवदासानी लगायतले विजेतलाई ताज लगाइदिएका थिए ।

प्रतियोगीताको निर्णायकमा अनिला श्रेष्ठ (मिसेस युनिभर्स नेपाल २०१९), सुधा एक (वनर सुधा भेन्चर्स), इशा पफरहा कुरैशी, हनिफ शेख, अरविन्द लिम्बावली लगायत रहेका थिए । विजेतापछि नेपाल फर्किएका सबैलाई ग्रिनआर्ट मिडियाका सिइयो प्रविन लाकौल, ग्रीन आर्ट मिडियाकी प्रबन्ध निर्देशक तथा अन्तर्राष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठले शनिबार नेपालमा स्वागत गर्दै बधाई तथा थप सफलताका लागि शुभकामना दिएका थिए ।

# गायक तामाङको अन्तिम बिदाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक तथा कलाकार रबिन तामाङको हिजो अन्त्येष्टि गरिएको छ । अन्तिम संस्कारको लागि बिजेश्वरीस्थित शोभा भगवतीमा लानु अघि बिहान ८ बजेदेखि ११ बजेसम्म उनको पार्थिव शरीरलाई श्रद्धाञ्जली अर्पण गर्न हिजो बिहान सङ्गीत तथा नाट्य एकेडेमीको प्राङ्गण नक्सालमा राखिएको थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा र संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री सुदन किरातीले गायक तामाङको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर सम्मान प्रकट गरेका थिए । अन्तिम श्रद्धाञ्जली दिन नेपाली कांग्रेसका महामन्त्री गगन थापा तथा कलाकार हरूको उपस्थिति रहेको थियो ।

श्रद्धाञ्जली अर्पणपछि उनको शव शोभा भगवती लगेर अन्तिम दाह संस्कार गरिनेछ । गायक तामाङको गत मंगलबार निधन भएको थियो । उनी बुढानीलकण्ठस्थित निवासमा मृत फेला परेका थिए ।

# धुर्मुस सुन्तलीको 'मत मर्छु कि क्या हो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वेव फिल्म 'मत मर्छु कि क्याहो' सार्वजनिक भएको छोटो समयमै रुचाइएको छ । गएको २६ जुनमा सार्वजनिक यो फिल्मलाई १२ दिनमै युटचुवमा २ मिलियन भन्दा बढी पटक हेरिएको छ । यस्तै ४१ हजार बढी लाइक छ भने १२ सय बढीले प्रतिक्रिया जनाएका छन् । सिताराम कट्टेल (धुर्मुस) र कुन्जना घिमिरे (सुन्तली) लाई लामो समयपछि अभिनयमा देख्न पाइयो भन्ने प्रतिक्रिया धेरै देखिन्छ ।

युटचुवमा फिल्म हेरिसकेपछि एक दर्शकले लेखेका छन्, 'धुर्मुस सुन्तली अब पहिलेकै पेशामा फर्किनु पर्छ ल हामि उहि पहिलाको धुर्मुस सुन्तली हेर्न चाहन्छौ । सफलताको शुभकामना ।' यस्तै मुकेश रोकाया नामका अर्का प्रयोगकर्ता लेख्छन्, 'सर्वप्रथम त हजुरहरूलाई यति राम्रो चलचित्र निर्माण गर्नुभएकोमा हृदय देखि नै धन्यवाद॥ बाँकी मनोरञ्जन र मन छुने । धेरै आनन्द आयो। जति वर्णन गरे पनि कम छ ।'

कोरोना कहरको समयमा चितवन आसपासमा खिचिएको यो फिल्म ओटिटी प्लेटफर्म 'ओहो मुभिज'मा राखिएको थियो । फिल्ममा धुर्मुस् र सुन्तलीसँगै रबि गिरी, बुद्दि तामाङ, बिजय बराल, पल्पसा डंगोल, बलदिप राई, सुमन कार्की, सुमन कोइराला, प्रमिला खनाल, घनश्याम गौतम, सुनिता घिमिरे, पुष्पा आचार्य र सुशिला थापाको अभिनय रहेको छ । सुदिप बरालको छायांकन रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन रहेको छ । यसमा लेखन तथा निर्देशन धुर्मुस् र सुन्तली दुबैले गरेका छन् ।

## रंगशाला

प्रधानमन्त्री कप भलिबल

# आर्मी र एपिएफको लगातार दोस्रो जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेनाको त्रिभुवन आर्मी क्लब र सशस्त्र प्रहरी बलको एपिएफ क्लब सातौं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब लिगमा लगातार दोस्रो जित निकाल्न सफल भएका छन् ।

लगातार दोस्रो जित सहित दुवै टिमले समान ६ अंक जोडेका छन् ।

आर्मीले दोस्रो दिन दोस्रो जित निकाल्ने क्रममा दावाँली मिलन क्लबलाई २-१९, २५-११, २५-२० अंकले पराजित गर्दै थप ३ अंक जोड्न सफल भएको छ । पहिलो दिनको खेलमा आर्मीले सैलुङ्ग बाघढुङ्गलाई पराजित गरेर ३ अंक जोडेको थियो ।

यस्तै एपिएफले पनि आज भएको आफ्नो दोस्रो खेलमा गण्डकी प्रदेश भलिबल क्लबलाई ३-१ ले पराजित गर्दै थप ३ अंक जोडेको हो । पहिलो सेट २१-२५ ले गुमाएको एपिएफ खेलमा फर्कदै लगातार बाँकी तीन सेट २५-२१, २५-२३, २५-१७ ले जित्दै खेललाई आफ्नो पक्षमा पार्न सफल भएको हो । हिजोको पहिलो खेलमा एपिएफले दावाली मिलन क्लबलाई पराजित गरेको थियो ।




प्रतियोगिताको दावेदार टिम टिपटप हेल्प नेपालले पनि आज आफ्नो पहिलो खेलमा सैलुङ्ग बाघढुङ्गा स्पोर्टस् कलब, रामेछापलाई ३-० ले पराजित गर्दै महत्वपूर्ण ३ अंक जोड्न सफल भयो । तीन पाकिस्तानी खेलाडी सहित कोर्टमा उत्रेको हेल्प नेपालले सैलुङ्गलाई २५-१२, २५-१५, २५-१९ ले पराजित गरेको हो ।

नेपाल भलिबल संघको आयोजनमा भएको लिगको महिला तर्फको खेलमा एपिएफले आर्मीलाई ३-२ सेटले पराजित गर्दै अंक बाँड्न बाध्य भयो । संघर्षपूर्ण खेलमा पहिलो र दोस्रो सेट ३०-२८, २५-२३ ले जितेको एपिएफले तेश्रो र चौथो सेट गुमाउन पुग्यो । आर्मीले तेश्रो सेट २०-२५ र चौथो सेट १९-२५ ले जित्यो । निर्णायक तथा पाँचौ सेट आर्मीले खेलको लयलाई गुमाउन पुग्दा एपिएफले १५-६ ले जित हात पार्दै जितलाई आत्मसाथ गरेता पनि आर्मीसंग अंक बाँड्न पुग्यो । आजको जितबाट एपिएफको २ अंक र हारका बावजुद पनि आर्मीको १ अंक भएको छ ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगिताको महिलातर्फकै अर्को खेलमा होङ्गवाङ्जी न्यू डायमन्ड युथ स्पोर्टस् क्लबले गण्डकी प्रदेश भलिबल क्लबलाई ३-० सेटले पराजित गर्दै आफ्नो खातामा ३ अंक जोड्यो । डायमन्डले गण्डकीलाइ २५-१७, २५-१६, २५-१५ ले पराजित गरेको हो ।

# केन्पो खुकुरी मार्शल आर्टस हेटौंडामा लामा




■ प्रभाव संवाददाता

**हेटौंडा–** नेपाल केन्पो खुकुरी मार्शल आर्टस संघ हेटौंडा, मकवानपुरको अध्यक्षमा मेम्बरसिंह लामा निर्वाचित भएको छ । समितिको उपाध्यक्षमा सुमन कार्मचार्य, राजेश मंग्राती, सचिवमा रामचन्द्र ब्लोन, कोषाअध्यक्षमा आनिता ब्लोन चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा सुदर्शन खतिवडा, नज्मा बस्नेत, सिम्रन शिवाकोटी, स्वस्तिक बिडारी, अजित कार्की, अभिषेक खड्का, ओमकुमार मोक्तान प्रमिला घले चुनिए ।

भेलाको उद्घाटन नेपाल केन्पो खुकुरी मार्शल आर्टस संघका केन्द्रीय अध्यक्ष डा पूर्ण पाण्डेले गरेका थिए । पाण्डेले खेलकुद क्षेत्रको विकासका लागि केन्पो सबैसँग मिलेर अगाडि लाग्नुपर्ने र खेलकुदमा लागेर राष्ट्रको नाम राख्नलाई चिनाउन सक्ने गरि लाग्नुपर्ने बताए ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष तथा बागमती इन्चार्ज कुमार कार्की, बागमती प्रदेशका अध्यक्ष संगम लामा, खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष बेश खड्गी, रग्बी संघका अध्यक्ष लिलाकुमार घलन, जुडो संघका अध्यक्ष सविन मोक्तानलगायतले संघले गरेका गतिविधि र भावी योजनाबारे जानकारी गराएका थिए ।

# यू–१६ विजेता खेलाडीलाई एसपिएको सम्मान

■ प्रभाव संवाददाता

**धनगढी–** मलेसियामा सम्पन्न एसीसी यू-१६ इस्ट जोन कपको उपाधि जितेको नेपाली टोलीका तीन जना खेलाडीलाई ‌ंक कलेजले सम्मान गरेको छ । नेपाली टोलीमा रहेका सुदूरपश्चिम तीन जना खेलाडीहरू विकेट किपर ब्याट्सम्यान आशिष लुहार, ओपनर ब्याटर नरेन भट्ट र अशोक धामीलाई कलेजले आइतबार एक कार्यक्रमकाबीच सम्मान गरेको हो । घरेलु टोली मलेसियामाथि २ सय २१ रनको सानदार जित निकाल्दै नेपालले लगातार तेस्रोपटक यू-१६ इस्ट जोनको उपाधि जितेको थियो । कञ्चनपुरका आशिष ‌ंक क्रिकेट टोलीको समेत कप्तान समेत हुन् । उनी ‌ंक कलेजमा कक्षा १२ मा अध्ययनरत छन् ।

यस्तै फाइनलमा प्रतियोगितामा शतक प्रहार गर्नु भएका ओपनर ब्याटर नरेन भट्ट बैतडी जिल्लाबाट प्रतिनिधित्व गर्छन् । अशोक धामी बझाङका हुन् । तीनै जनालाई ‌ंकले स्नातकोत्तरसम्म निःशुल्क अध्ययन गराउने घोषणा गरेको छ । यस्तै ‌ंकले धनगढी क्रिकेट एकेडेमीमा तीनै जनालाई निःशुल्क प्रशिक्षणको समेत व्यवस्था मिलाइएको छ ।

क्याम्पस प्रमुख योगराज उपाध्यायले देशकै नाम उचो पारेका खेलाडीहरूलाई सम्मान गर्न पाउँदा एकदमै गौरम्वावित महसुस भईरहेको बताए । उहाँले ‌ंक कलेजमा ८ जना क्रिकेटकामात्रै अन्तर्राष्ट्रिय खेलाडीहरू अध्ययन गरिरहेको बताउँदै खेलाडी र ‌ंक पर्यायवाची शब्द जस्तै भएको बताए । आगामी दिनमा पनि कलेजले खेलाडीहरूको हौसला अभिवृद्धि गर्न ‌ंकले यस्ता खाले कार्यक्रम गरिरहने क्याम्पस प्रमुख उपाध्यायले बताए ।

खेलाडीका तर्फबाट मन्तव्य राख्दै आशिषले सम्मानका लागि ‌ंक कलेजलाई धन्यवाद दिए । उनले गृहनगरमा सम्मानित हुन पाउँदा निकै खुशी लागेको बताए । साथै उहाँले अध्ययन र प्रशिक्षणमा समेत कलेजले पूर्ण सहयोग गर्ने भएपछि धन्यवाद व्यक्त गरे ।

‌ंकमा खेलाडीहरू छात्रवृत्तिमा अध्ययनरत् छन् । ८ जना क्रिकेटको अन्तर्राष्ट्रिय खेलाडीमात्रै छन् ।

अहिले नेपाली राष्ट्रिय सिनियर टोलीका लोकेश बम, यू-१९ टोलीका नारायण जोशी, बसन्त कार्की, सिनियर महिला राष्ट्रिय टोलीका कविता कुंवर, इश्वरी विष्ट, यू-१९ महिलातर्फ राष्ट्रिय टोलीका लक्ष्मी साउद, यशोदा विष्ट, सुमन विष्ट, मनिषा चौधरी र मनिषा उपाध्याय जस्ता होनहार खेलाडीहरू ‌ंकमा अध्ययनरत् छन् । त्यस्तै फुटबल, तेक्वान्दो, भलिबल, बास्केटबलका पनि राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खेलाडीहरू ‌ंकमा अध्ययनरत् छन् ।

# मनास्लु र आइएसलाई बास्केटबल उपाधि

**काठमाडौं (प्रस)–** मनास्लु वल्ड कलेज र आईएस नेपालले गोल्डेनगेट इन्टरनेसनल कलेज एसइइ कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् ।

आईतबार भएको खेलमा मनास्लु ब्वाइज तथा आईएस गल्समा च्याम्पियन बने । बत्तीसपुतलीस्थित आयोजक गोल्डेनगेट इन्टरनेसनल कलेजको कोर्टमा भएको ब्वाइज फाइनलमा मनास्लुले ग्रान्डीलाई २०-१७ ले पराजित गर्‍यो ।

गल्सको उपाधि भिडन्तमा आईएसले आयोजकको बोर्न टु हुपलाई १६-७ ले हरायो । ब्वाइज/गल्स दुवैमा पहिलो हुनेले २० हजार तथा दोस्रो हुनेले १० हजार नगद पुरस्कार हात पारे ।

ब्वाइजमा मनास्लुका कोशिस भुजेल तथा गल्समा आईएसएकी सन्ध्या डंगोल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले जनही ५ हजार नगद पुरस्कार पाए ।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव एवं गोल्डेनगेटका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार सिल्वाल र गोल्डेनगेटका प्रिन्सिपल रोहितबहादुर पौडेलले एक कार्यक्रमबीच पुरस्कृत गरे । तीन दिने प्रतियोगिताको ब्वाइजमा २२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए । राउन्ड रोबिन लिगका आधारमा भएको गल्सको प्रतिस्पर्धामा ४ टिम सहभागी थिए ।

# चीन-इयू व्यापार असहमति बढ्दो

**बेइजिङ–** चीनले युरोपेली संघका विदेश मामिला र सुरक्षा नीतिका लागि उच्च प्रतिनिधि जोसेप बोरेलको चीन भ्रमण रद्द गरेको छ । चीन र इयूबीच व्यापार, मानव अधिकार र युक्रेन द्वन्द्वमा चलिरहेको असहमतिलाई लिएर बेइजिङले यो भ्रमण रद्द गरेको हो ।

चीनका लागि युरोपेली संघका राजदूत राजदूत जर्ज टोलेडोले जोसेप बोरेल चिनियाँ विदेशमन्त्री छिन गङ र अन्य अधिकारीसँग वार्ता गर्न आज असार २५ गते बेइजिङमा अवतरण गर्ने कार्यक्रम रहेकामा त्यो अब रद्द भएको बताएका छन् । चिनियाँ र युरोपेली कूटनीतिज्ञ व्यापार, मानवअधिकार र रुस-युक्रेन जारी द्वन्द्वमा चीनको अडानलगायत विषयमा छलफल गर्ने 'एजेण्डा'मा काम गरिरहेका थिए ।

चीनले बोरेलको भ्रमण रद्द गरेको युरोपेली संघले औपचारिकरूपमा जनाएको छ तर भ्रमण रद्द गर्नुको कारण भने खुलाइएको छैन । चिनियाँ पक्षले नै भ्रमण रद्द हुनुको कारणबारे जानकारी नदिएको जनाइएको छ । नयाँ मितिमा बोरेलको भ्रमण हुने अपेक्षा गरिएको संघका प्रवक्ता नबिला मस्रालीले बताएकी छन् ।

यसैबीच, चिनियाँ विदेशमन्त्रीका प्रवक्ता वाङ वेनबिनले पनि इयूसँगको सम्बन्धलाई चीनले उच्च महत्त्व दिएको बताउँदै दुवै पक्षलाई सहज हुने मितिमा उच्च प्रतिनिधि बोरेललाई चीनमा स्वागत गरिने स्पष्ट गरेका छन् । इयूसँग विभिन्न क्षेत्रमा र सबै तहमा भ्रमण आदानप्रदान गर्न चीन इच्छुक रहेको बताउँदै उनले ब्रसेल्ससँग बेइजिङ सम्पर्कमा रहिरहने स्पष्ट गरे ।

युरोपेली संघका सदस्य राष्ट्रको शिखर सम्मेलनले चीनबाहेक अन्य स्रोतबाट महत्त्वपूर्ण सामग्री खरिद गर्ने रणनीतिप्रति समर्थन जनाएपछि बेइजिङ बिच्किएको अनुमान गरिएको छ । चिनियाँ व्यापार र आपूर्ति शृंखलामा निर्भरता कम गर्ने युरोपेली संघको निर्णयप्रति पनि उसको विमति छ ।

जोसेप बोरेल युक्रेन द्वन्द्वमा चीनको अडानको विशेष आलोचक हुन् । इयूले ताइवान मामिलाप्रति बेइजिङको रवैयालाई लिएर असहमति जनाउँदै आएको छ । बेजिङले बल प्रयोग गरेर भएपनि ताइपेइलाई तह लगाउने धम्की दिँदै आएको छ ।

इयूले युक्रेनबाट तत्काल र विनासर्त आफ्ना सेना फिर्ता गर्न रुसलाई दबाब दिन चीनलाई आग्रह गर्दै आएको छ । चीन भ्रमणका क्रममा युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले त्यस्तै अनुरोध गरेका थिए । *रासस/एएफपी*

# भवन भत्किँदा एकै परिवारका ३ जनाको मृत्यु

**शिमला–** हिमाचल प्रदेशको शिमलामा आइतबार भारी वर्षाका कारण घर भत्किँदा एकै परिवारका तीन जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

मुसलधारे वर्षाका बीच आइतबार बिहान शिमलाको कोटगढ गाउँमा उक्त दुर्घटना भएको सरकारी अधिकारीहरूले बताएका छन् । भग्नावशेषबाट दुई जना घाइतेलाई बाहिर निकालेर नजिकैको अस्पताल पुर्‍याएको छ ।

यसैबीच, उत्तर प्रदेशको मैनपुरी जिल्लामा चटचाङ लागेर एक महिलासहित तीन जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । शनिबार चटचाङको घटना भएको हो । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको मैनपुरीका अतिरिक्त जिल्ला मजिस्ट्रेट रामजी मिश्राले बताएका छन् । *रासस/एएनआई*

# अमेरिकामा विमान दुर्घटना हुँदा ६ जनाको मृत्यु

**लस एन्जलस–** अमेरिकाको पश्चिमी राज्य क्यालिफोर्नियामा शनिबार बिहान एउटा सानो व्यापारिक जेट दुर्घटना हुँदा छ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

रिभरसाइड काउन्टी शेरिफ विभागका अनुसार लस एन्जलसबाट करिब १५० किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिणपश्चिमी रिभरसाइड काउन्टीको सहर मुरिएटामा विमान दुर्घटनाग्रस्त भएको प्रहरीले जनाएको छ । दुर्घटनाग्रस्त विमानले लस भेगासको हचारी रिड अन्तर र्राष्ट्रिय विमानस्थलबाट उडान भरेको थियो ।

गत मंगलबार यही क्षेत्रमा सेसना विमान दुर्घटना हुँदा एक जना विद्यार्थी पाइलटको मृत्यु भएको थियो भने तीन जना घाइते भएका थिए । संघीय उड्डयन प्रशासन तथा राष्ट्रिय यातायात सुरक्षा बोर्डद्वारा दुर्घटनाको अनुसन्धान भइरहेको छ । *रासस/सिन्ह्वा*


## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०३/२५**

यस कम्पनीको मिति २०७९/०४/०४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वाइड रेन्ज एच.आर. प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डेष्टिनी एच.आर. ग्रुप प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०४/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डेष्टिनी एच.आर. ग्रुप प्रा.लि.** (इ.प.नं.१५५२/०७९/०८०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE RIBBON LABOR SUPPLY SERVICES

पूर्व स्वीकृति मिति: २०७९/१०/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२४ LT. No.280112 चलानी नं. ६०१९५७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stevedore | 100 | 0 | 1200 | ४२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१५/०६८/६९

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.

Samakhusi-29, Kathmandu,BAGMATI Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CK CLEANING SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/१९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 285461 चलानी नं. ६०२००८८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING WORKER | 80 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RESTORAN SIN KEONG KEE

पूर्व स्वीकृति मिति २०८०/०३/१७ LT. No. 288780 चलानी नं. ६०१८१८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 5 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

DREAMLAND MANAGEMENT PVT.LTD.
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Govt. License 776/065/066
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOON LIGHT CONTRACTING & CLEANING WLL

पूर्व स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 289023 चलानी नं. ६०२०४३८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 1 | 0 | 2200 | ७९,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 2 | 0 | 1100 | ३९,७३० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९०,२९५ | | | | | | | |
| 5 | Gen. Clean Worker | 4 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Washing Worker | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Carpenter | 2 | 0 | 1100 | ३९,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ देखि ४ गते (17-20th July. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMPEROR CITY RESTAURANT SDN.BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२२ LT. No. 289012 चलानी नं. ६०२०४३८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 5 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NG & EEH SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२२ LT. No. 289013 चलानी नं. ६०२०४३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 10 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH IBRAHIM AL-SAYEGH & SONS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/२४ LT. No.289078 चलानी नं. ६०२०४३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent(Worker) | 10 | 0 | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE MAIDS MANAGEMENT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No.275315 चलानी नं. ६०१९१०३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 21 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINASAHI SOLDER (M) SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/०३/२२ LT. No.289006 चलानी नं. : ६०२०४३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd. Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED GENERAL CONTRACTING CORPORATION

पूर्व स्वीकृति मिति २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 284295 चलानी नं. ६०१९९६२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 1800 | ६३,२८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Worker | 2 | 0 | 1000 | ३५,१६० | | | | | | | |
| 3 | Builder | 1 | 0 | 1000 | ३५,१६० | | | | | | | |

कम्पनी : LIFE SEEDS FAST FOOD RESTAURANTS

पूर्व स्वीकृति मिति २०७९/१०/११ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२४ LT. No. 280064 चलानी नं. ६०१९५७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-JARJEES CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/२४ LT. No.289054 चलानी नं.६०२०४३८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 1500 | ५२,७४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Road maintenance worker | 1 | 0 | 1000 | ३५,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।



**धान रोप्न खेत तयार गरिंदै** | दाङको घोराही–४ का किसान धान रोपाइँका लागि राँगाको सहायताले खेत जोत्दै । पछिल्लो समयमा कृषिमा यान्त्रिकीकरण भए पनि गोरु र राँगाको सहायतामा खेत जोत्ने गरिन्छ । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

# ‘खुकुलो मौद्रिक नीति ल्याउँदा अर्थतन्त्र चलायमान हुन्छ’

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रलाई चलायमान बनाउन आगामी आर्थिक वर्षका लागि खुकुलो मौद्रिक नीति ल्याउन आवश्यक रहेको बताएका छन् ।

आर्थिक छलफल चौतारी नेपालले आइतबार काठमाडौंमा आयोजना गरेको ‘नेपालको आर्थिक अवस्था र आगामी मौद्रिक नीति’ विषयक अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री महतले आगामी मौद्रिक नीति तय गर्दा नीतिगत दर (पोलिसी रेट) मा सम्बोधन गरी खुकुलो गरेर जाँदा अर्थतन्त्र चलायमान हुने बताए ।

‘मौद्रिक नीति खुकुलो हुने वित्तिकै अर्थतन्त्र चलायमान भएर सहजतातर्फ जान्छ’, उनले भने, ‘कोभिड महामारी पछि पुनरुत्थानका लागि खुकुलो बनाइएको नीति बाह्य क्षेत्रमा समस्या देखिएपछि एकाएक कडाइ गरियो । त्यसको कडाइको प्रभाव अहिले पनि देखिरहेको छ ।’

वित्त नीति र मौद्रिक नीति अर्थतन्त्रका मुख्य दुई उपकरण रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक बीचको समन्वयकारी भूमिका हुनुपर्नेमा जोड दिए । नेपाल राष्ट्र बैंकले स्वायत्त रूपमा काम गरोस् र समग्र अर्थतन्त्र सुधारका लागि पहल गरोस् भन्ने चाहना रहेको उनको भनाइ थियो ।

‘वित्त नीतिले एउटा र मौद्रिक नीतिले अर्को बाटो समत्यो भने हाम्रा लक्ष्य पूरा हुन सक्दैनन,’ अर्थमन्त्री महतले भने, ‘पदको दुरूपयोग मन्त्रालय वा राष्ट्र बैंक दुवैको नेतृत्वबाट हुन सक्छ । राष्ट्र बैंक स्वायत्त भनेर संवैधानिक आयोग जस्तो बनाएर जानुपर्छ भन्ने पनि हुँदैन । अन्तर्राष्ट्रिय अभ्यास पनि हेरिनुपर्छ ।’

सरकारले वित्त नीतिमा अर्थतन्त्र सुधारका महत्वपूर्ण कार्यक्रम राखेको अर्थमन्त्री महतले बताए । अहिले लागत महँगो हुँदा पुँजी प्रवाह हुन नसकेको र यसले समग्र अर्थतन्त्र चलायमान हुन नसकेको उनको भनाइ थियो ।

आर्थिक अनुशासन पालना सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले सरकारले अहिले अनावश्यक रकमान्तर रोकेको जानकारी दिए । उनले आगामी आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएकोमा त्यो पूरा हुनेमा आफू आशावादी रहेको धारणा व्यक्त गरे ।

प्रतिनिधिसभा सदस्य मेटमणि चौधरीले अर्थतन्त्रमा अहिले देखिएका समस्याको शीघ्र पहिचान गरी समाधानतर्फ लाग्नुपर्ने बताए । ए । ‘नेपालको अर्थतन्त्र गम्भीर अवस्थामा जाँदैछ, त्यसलाई कसरी पुनरुत्थान गर्ने भन्ने आवश्यकता छ’, उनले भने, ‘हाम्रा नीति वा नियत केमा समस्या हो पहिचान गर्न आवश्यक छ ।’

आर्थिक छलफल चौतारी नेपालका अध्यक्षसमेत रहेका सांसद चौधरीले अर्थतन्त्र सुधारका लागि कुन ठाउँमा समस्या छ र कसरी सुधार गर्ने भनेर पहिचान गरिनुपर्नेमा जोड दिए । उनले आगामी आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिका लागि लिइएका सुझाव नेपाल राष्ट्र बैंकलाई दिने जानकारी दिए ।

कार्यक्रममा अर्थविद डा डिल्लीराज खनालले बैंकिङ र वित्तीय क्षेत्रमा समस्या आउँदा समग्र अर्थतन्त्रमा नै समस्या आउने गरेको बताए । ‘पछिल्ला दिनमा अर्थतन्त्र सुधारोन्मुख देखिए पनि अझै संकट कायम छ । अहिले तरलता बढेको छ तर कर्जाको विस्तार हुनसकेको छैन’, उनले भने ।

बैंक तथा वितीय संस्थाको कर्जा विस्तार उत्पादनमूलक क्षेत्रमा हुन नसकेको अर्थविद डा खनालको भनाइ थियो । ‘कोभिड महामारी पछिको पुनरूत्थानका लागि हामीले विस्तारकारी मौद्रिक नीति ल्यायौं । त्यो आवश्यक पनि थियो । पछि उक्त नीतिले समयानुकूल नतिजा दिन सकेन’, उनले भने, ‘कहाँ लगानी भएको छ भन्ने विषयलाई हामीले उपेक्षा गरेका छौं । साना, मझौला उद्योग र उत्पादन क्षेत्रमा लगानी नभएकाले बजारमा मूल्य वृद्धि देखिएको हो ।’

घरजग्गालगायत अनुत्पादक क्षेत्रमा लगानी हुनु, कर्जाको ठूलो हिस्सा निश्चित ठूला घरानाले सहुलियतपूर्ण रूपमा प्रयोग गर्नु, सहकारी संस्था समस्याग्रस्त हुँदै जानुलगायत समस्या वित्तीय क्षेत्रमा रहेकाले यसलाई सुधार्नु पर्नेमा अर्थविद डा. खनालले जोड दिए ।

अर्थविद डा. चन्द्रमणि अधिकारीले क्षेत्रगत कर्जाको नतिजा कुल गार्हस्थ्य उत्पादनमा देखिन नसकेको उल्लेख गरे । ‘कृषि, जलविद्युतलगायत क्षेत्रमा प्रवाह भएको कर्जा अनुसार ती क्षेत्रले जीडिपीमा पुऱ्याएको योगदान कम छ’, उनले भने । कार्यक्रममा पूर्व बैंकर अनलराज भट्टराईले अहिले बजार माग खुम्चिएको उल्लेख गर्दै मौद्रिक नीतिले निजी क्षेत्रलाई व्यवसाय गर्नसक्ने वातावरण बनाउन सक्नुपर्ने धारणा राखे ।

# दोहोरो अंकले बढ्यो नेप्से

## २८.३८ अंकले परिसूचक बढ्दा तीन अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २८ दशमलव ३८ अंकले उकालो लागेर दुई हजार ७७ दशमलव ७६ मा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ३५ अंकले उकालो लागेर तीन सय ८८ दशमलव ५१ मा पुगेको छ । त्यस्तै, कारोबार भएका कूल १३ उपसमूहको सेयर मूल्यमा नै उकालो लागेको छ । कूल ८३ लाख ५२ हजार पाँच सय ७६ कित्ता सेयर रू तीन अर्ब चार करोड २५ लाख ४३ हजार नौ सय ६१ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रू १८ करोड ६० लाख ७२ हजार बराबरको कारोबार भएको छ । शिवम् सिमेन्ट रू १६ करोड ३६ लाख ५१ हजार एक सय ४३, सोल्टी होटल रू १४ करोड आठ लाख ४८ हजार आठ सय २६, अरुण काबेली पावर रू १२ करोड एक लाख ९८ हजार नौ सय ३६ र माथिल्लो तामाकोशी रू १० करोड ६२ लाख ६८ हजार चार सय ४३ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार, रावा इनर्जी नौ दशमलव ९८, सिटी होटल नौ दशमलव ५१, प्रभु बैंकको ऋणपत्र आठ दशमलव २२, सनराइज बैंकको ऋणपत्र आठ दशमलव २१ र सिटिजन म्युचुअल फण्डका लगानीकर्ताले आठ प्रतिशतले कमाएका छन् ।

त्यस्तै, माथिल्लो तामाकोशी छ दशमलव ६५, बीपीडब्ल्यू लघुवित्त चार दशमलव ४३, लिवर्टी इनर्जी तीन दशमलव ६०, जोशी हाइड्रोपावर तीन दशमलव ४९ र पिपल्स पावर कम्पनीका लगानीकर्ताले दुई दशमलव ९९ प्रतिशतले गुमाएका छन् ।

# प्राधिकरण उच्च नेतृत्व बूढीगण्डकी आयोजनास्थलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले राष्ट्रिय गौरवको एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण अगाडि बढाउन पहल सुरु गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को निर्देशनबमोजिम प्राधिकरणको उच्च नेतृत्वले शनिबार आयोजनाको निर्माण प्रक्रिया सुरु गर्न प्रस्तावित निर्माण स्थल र जलाशय क्षेत्रको स्थलगत निरीक्षण गरेको हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नेतृत्वमा उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके र आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनःस्थापना इकाइ संयोजक जगतकुमार श्रेष्ठ सम्मिलित टोलीले बाँध तथा विद्युत् गृह निर्माणस्थल र डुबान क्षेत्रको स्थलगत निरीक्षण भ्रमण गरेको हो ।

टोलीले गोरखाको गण्डकी गाउँपालिका र धादिङको सिद्धलेक गाउँपालिको सिमानामा पर्ने प्रस्ताव गरिएको बाँध निर्माण स्थल, सिद्धलेक गाउँपालिकाको सलाङमा विद्युतगृह निर्माण स्थल, जलाशयबाट डुबानमा पर्ने आरुघाट क्षेत्र, आर्खेतलगायतका ठाउँको निरीक्षण गरेको थियो । सो अवसरमा टोलीले आयोजनाका लागि आवश्यकपर्ने जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरणको हालसम्मको प्रगतिलगायतका विषयमा समेत जानकारी लिएको थियो ।

सरकारले आयोजनालाई कम्पनी मोडेलमा निर्माण गर्ने निर्णय गरेको छ । आयोजना निर्माणका लागि बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिएको छ । प्राधिकरणको नेतृत्व तथा अगुवाइमा आयोजना निर्माणका लागि कम्पनीको सेयर संरचना पुनःसंरचना गर्न छलफल भइरहेको कार्यकारी निर्देशक घिसिङले बताए ।

काठमाडौं, चितवन, पोखराजस्ता विद्युत् लोड सेन्टरबाट नजिक रहेका कारण पनि बूढीगण्डकीको रणनीतिक महत्व छ । स्वदेशी पुँजीको एकीकृत उपयोग गर्ने गरी कम्पनीमा प्राधिकरणको बहुमत सेयर रहने, सर्वसाधारणलाई पनि सेयर निश्कासन गर्ने, सरकारले नपुग रकम लगानी गर्ने तथा अतिसहुलियतपूर्ण ऋण दिने तयारी छ । सोही आधारमा आयोजनाको वित्तीय व्यवस्थापन गर्न छलफल भइरहेको कार्यकारी निर्देश घिसिङले जानकारी दिए ।

‘सरकारले पेट्रोलियम इन्धन आयातमा लगाउँदै आएको पूर्वाधार करको आधा रकम सिधै आयोजनाको खातामा जम्मा गर्ने व्यवस्था पनि गर्न सकिएमा लगानीका लागि कुनै समस्या हुँदैन’, उनले भने । फ्रान्सेली परामर्शदाताले सन् २०१५ मा तयार पारेको प्रतिवेदनअनुसार आयोजनाको अनुमानित लागत दुई अर्ब ५९ करोड अमेरिकी डलर रहेको छ । हालको मूल्यमा पुनरावलोकन गरिएको आयोजनाको अनुमानित लागत दुई अर्ब ७७ करोड डलर रहेको छ । आयोजनाको निर्माण अवधि आठ वर्ष रहेको छ ।

आयोजनाको सबैभन्दा जटिल मानिएको जग्गा प्राप्तिको प्रगति करिब ९० प्रतिशत छ । जग्गाको मुआब्जा, संरचना, बोटबिरुवा तथा फलफूको क्षतिपूर्तिबापत जग्धानीलाई करिब रु ४२ अर्ब वितरण गरिएको छ । आयोजनाबाट भौतिक तथा आर्थिकरूपमा गोरखा र धादिङका आठ हजार एक सय १७ घरपरिवारका प्रभावित हुनेछन् । यसमध्ये तीन हजार पाँच सय ६० घरपरिवार पूर्णरूपमा विस्थापित हुने छन् । गोरखा र धादिङ जिल्लाको सीमा भएर बग्ने बूढीगण्डकी नदी थुन्नका लागि दुई सय ६३ मिटर अग्लो कर्भेचरयुक्त आर्च बाँध बनाइनेछ । बाँध बाँधेपछि धुनिएको पानीको जलाशय माथिल्लो तटीय क्षेत्रमा ६३ वर्गकिलोमिटरसम्म फैलनेछ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी वक्यौता रकम यहि २०८० साल असार मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रणः** एक्सप्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्णबहादुर कार्की, **सम्पादकः** विष्णु तामाङ